**निर्णय नं. १ :**

यस नगरपालिकाका विभिन्न वडामा सञ्चालित विद्यालयहरुले अनुमती प्राप्त भएको कक्षा भन्दा माथिल्लो कक्षा सञ्चालनको अनुमतीको लागि निवेदन पेश गरेकोमा विद्यालयको भौतीक अवस्था, अनुमती माग भएको भन्दा तल्लो कक्षाको विद्यार्थी संख्या, शिक्षक संख्या आदिका आधारमा अनुमती दिन उपयुक्त ठहर्‍याई नगर शिक्षा समितिले सिफारिश गरी पठाएका तपसिल बमोजिमका विद्यालयहरुलाई अनुमती प्राप्त नगरेको कक्षाको हकमा आगामी शैक्षिक शत्रमा विद्यार्थी भर्ना नगर्ने प्रतिवद्धता विद्यालयको तर्फबाट पेश गर्न लगाई अनुमती प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | विद्यालयको नाम | हाल स्वीकृती प्राप्त कक्षा | आगामी शैक्षिक शत्रबाट सञ्चालन गर्ने गरी स्वीकृती दिईएको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | चितवन आईरिस ईङ्गलिस स्कूल, खै.न.पा. १२ | ६ | ७ | |
| २ | ज्ञानसुधा ईङ्गलिस बोर्डिङ्ग स्कूल, खै.न.पा. ८ | १ | २ | |
| ३ | दिपज्योती ईङ्गलिस बोर्डिङ्ग स्कूल, खै.न.पा. ४ | ५ | ६ | |
| ४ | राष्ट्रिय आधारभुत विद्यालय, बस्यौली, खै.न.पा. ९ | ६ | ७ | |

**निर्णय नं. २ :**

यस नगरपालिकाका विभिन्न स्थानमा सञ्चालित सामुदायिक आधारभूत विद्यालयहरुको विद्यार्थी संख्या अत्यन्त न्यून रहेको, विद्यालयको भौतिक अवस्था पनि कमजोर रहेको कारण विद्यालय अति असहजरुपमा सञ्चालन भई रहेका छन् । त्यस्ता विद्यालयहरुको भौतिक, भौगोलिक अवस्था तथा विद्यार्थी संख्याको अध्ययन गरी तत् तत् विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षसंग पटक पटक छलफल गरी त्यस्ता विद्यालयको अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलको प्रतिवेदन अनुसार नगर शिक्षा समितिले तपसिल कमोजिमका विद्यालयको कक्षा घटाउने तथा विद्यालय गाभ्ने सिफारिश गरेको थियो ।

**तपसिल**

| क्र.सं. | विद्यालयको नाम | हाल स्वीकृती प्राप्त कक्षा | आगामी शैक्षिक शत्रबाट सञ्चालन गर्ने गरी स्वीकृती दिईएको कक्षा | फाजिलमा पर्ने शिक्षाक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय आधारभुत विद्यालय, पटिहानी | १ – ५ | १ – ३ | २ | |
| २ | राष्ट्रिय आधारभुत विद्यालय, कुनाघारी | १ – ५ | १ – ३ | ३ | |
| ३ | राष्ट्रिय आधारभुत विद्यालय, जीवनपुर | १ – ८ | १ – ५ | – | |
| ४ | राष्ट्रिय आधारभुत विद्यालय, कुशहना | कठार मा.वि मा गाभ्ने | | ३ स. का. १ | |
| ५ | श्रीकृष्ण साना किसान आधारभुत विद्यालय, सिसहनी | १ – ५ | १ – ३ | २ | |
| ६ | राष्ट्रिय आधारभुत विद्यालय, मझुई | १ – ५ | १ – ३ | २ | |

उपरोक्तानुसारका विद्यालय मध्ये राष्ट्रिय आधारभुत विद्यालय, कुशहनालाई कठार मा.वि.मा गाभ्ने र राष्ट्रिय आधारभुत विद्यालय, जीवनपुरको हाल सञ्चालनमा रहेको कक्षा घटाई १–५ कायम गर्नुका साथै माथि क्र सं. १, २, ५ र ६ मा उल्लेखित विद्यालयको हकमा शैक्षिकशत्र २०७६ मा विद्यार्थी भर्ना अभियान सञ्चालन गरी २०७६ बैशाख ७ गते सम्ममा गत वर्षको विद्यार्थी संख्यामा वृद्धि गरी हाललाई न्यूनतम प्रति कक्षा विदार्थी संख्या औषतमा १२ भन्दा बढी पुऱ्याई विद्यार्थीको विवरणसहित पेश हुन आएमा कक्षा ४–५ को अनुमती यथावत कायम गर्ने विषयमा पुर्नविचार गरी यथावत कक्षा सञ्चालन अनुमती दिन सकिने र अन्यथा नगर शिक्षा समितिले सिफारिश गरे बमोजिम कक्षा घटाउने प्रक्रियामा लाने निर्णय गरिने छ । यस सम्बन्धमा पेश हुन आएका विवरणको आधारमा आवश्यक निर्णय गर्न नगर शिक्षा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । उक्त विद्यालयका शिक्षक दरबन्दीको हकमा नगर शिक्षा समितिको सिफारिश बमोजिम नगरपालिकाको पुल दरबन्दीमा राखी समितिको निर्णय बमोजिम समायोजन गरिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगरपालिका हाता भित्र नगरपालिकाका सवारी साधनहरु राख्ने ग्यारेज निर्माण गर्नको लागि ल.ई. तयार गरी पेश भएकोमा उक्त रकम रु. ४,९८,०००।- स्थानीय विकास बिशेष कोषबाट र वडा नं. ५ को दुर्गा मन्दीर प्रा.वि को भवन मर्मत गरी वडा नं. ५ को वडा कार्यालय सञ्चालन गर्ने गरी ल.ई. तयार भएकोमा उक्त रकम रु. ४,९६,०००।- मर्मत संभार बिशेष कोषबाट खर्च गर्ने गरी नगर प्रमुखबाट स्वीकृत भएकोमा सो रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सिंहदरबार, काठमाण्डौको मिति २०७५/९०/२९ च.नं. ३९८ को पत्रानुसार यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री सुरेश चौधरीको करार म्याद २०७६ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरी आएको र निजले पाउने पारिश्रमीक मध्ये २५ प्रतिशत पारिश्रमीक यस नगरपालिकाबाट भुक्तान गर्नु पर्ने भएकोले निजको करार अवधी २०७६ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस चालु आ.व. २०७५/०७६ को द्धितिय चौमासिक सम्मको आर्थिक विवरण तथा भौतीक प्रगती विवरण पेश गर्ने काम भयो र सो प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

३ नं. प्रदेश सरकारले यस नगरपालिका क्षेत्रमा शित भण्डार निर्माण गर्न बजेट व्यवस्था गरेको, नगरपालिका तथा नगरपालिकाका सम्पूर्ण सहकारीको तर्फबाट खैरहनी नगरपालिका वडा नं. ६ स्थित साना किसान कृषि सरकारी संस्था ली.ले शित भण्डार सञ्चालन गर्ने प्रस्ताव प्रदेश सरकार समक्ष पेश समेत गरी सकेको अवस्थामा उक्त शित भण्डार निर्माण गर्न नगरपालिका क्षेत्रमा जग्गा उपलब्ध गराउनु पर्ने भएकोले यसै नगरपालिका वडा नं. ९ स्थित साविक सरस्वती आधारभुत विद्यालय रहेको जग्गा उक्त शित भण्डार निर्माण गर्न उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस नगरपालिका र राप्ति नगरपालिकाको सिमानामा पर्ने लदरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य गर्नको लागि मू.अ.कर बाहेक रु.९८,८५,८५५/६० मा बोलपत्र माग गरिएकोमा पहिलो पटक कुनै

बोलपत्र दर्ता नभई पुनः दोस्रो पटक बोलपत्र माग गर्दा बोलपत्र प्रकाशन गर्ने समय, सम्झौता गर्ने समयका आधारमा उत्खनन/संकलन कर्ताले काम गर्न पाउने दिन संख्या र दैनिक उत्खनन/संकलन गर्न पाउने परिमाणका आधारमा कूल परिमाण र ठेक अंक घटाई रु.५९,५३,०००/– मा बोलपत्र आव्हान गर्ने गरी वातावरण तथा विपद् व्यवस्थापन समितिले निर्णय गरी सोही आधारमा बोलपत्र आव्हान गरेकोले समितिको उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

विधेयक समितिले निर्णय गरी सिफारिश गरेको खैरहनी नगरपालिकाको नदी/खानी क्षेत्रबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन्/संकलन तथा बिक्री वितरण प्रक्रियामा भारी मेशीनरी औजार प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि – २०७५ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयको आ.व. २०७४/०७५ को लेखापरीक्षण गर्न सम्बन्धित विद्यालयबाट ३ जना लेखा परीक्षकको नाम सिफारिश गरी पठाउन लेखी पठाईएकोमा अधिकांश विद्यालयले एकै व्यक्तिको नाम सिफारिश गरी पठाएको पाईएकोले त्यसरी एकै व्यक्तिबाट अधिकांश विद्यालयको लेखापरीक्षण गर्न लगाउनु त्यती सान्दर्भिक नहुने हुँदा पेश भएका लेखापरीक्षकहरुको सूचीका आधारमा सथासम्भव समान किसिमले विद्यालय छनौट गरी लेखापरीक्षक नियुक्त गर्न नगर प्रमुखलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नगरसभाबाट सामाजिक विकास कार्यक्रम अन्तरगतका विभिन्न शिर्षकमा बिनियोजन भएको बजेट रकमलाई मिति २०७५/१२/२१ मा बसेको सामाजिक विकास समितिको बैठकले विभिन्न योजनामा बाँडफाँड गर्न सिफारिश गरेकोले सो समितिको निर्णयानुसार पेश भएका योजना र तिनीहरुमा बाँडफाँड गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**(१) दलित विकास तर्फ :**

(क) कम्प्यूटर तालिम सञ्चालन – रु. २०००००।-
(ख) जेष्ठ नागरिक सम्मान – रु.१०००००।-

**(२) जनजातीको भेषभुषा, आदिवासी जनजाती अन्तरगतका कार्यक्रमहरु :**

| क्र.सं. | कार्यक्रमको नाम | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दराई भेषभुषा संरक्षण कार्य | २ | ५०,०००।- | |
| २ | गुरुङ्ग समुदायका महिलाहरुको भेषभुषा संरक्षण कार्य | ४ | ५०,०००।- | |
| ३ | चौधरी महिलाको भेषभुषा संरक्षण कार्य | १३ | ५०,०००।- | |
| ४ | तामाङ्ग, गुरुङ्ग समुदायको भेषभुषा संरक्षण कार्य | १३ | ५०,०००।- | |
| ५ | कपिहेरा टोल महिला समुहको भेषभुषा | १२ | ४०,०००।- | |
| ६ | सलौली महिला समाजलाई टेण्ट र भेषभुषा संरक्षण | ५ | ६०,०००।- | |
| ७ | लाखेनाच संरक्षण कार्य | ६ | ४०,०००।- | |

**(३) संस्कृती संरक्षण कार्यक्रम :**

| क.सं. | कार्यक्रमको नाम | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | झम्केश्र महाददेब मन्दिर | ४ | २,००,०००।- | |
| २ | शिवालय मन्दिर निर्माण, तुल्सीपुर | ६ | १,००,०००।- | |
| ३ | शिवालय मन्दिरको शौचालय निर्माण र रेलिङ्ग ममर्त संभार, सिमलघारी | ६ | १,००,०००।- | |
| ४ | शिव मन्दिर, आदर्श टोल | ७ | २,००,०००।- | |
| ५ | खयरघारी शिव मन्दिर, | १० | २,००,०००।- | |
| ६ | आत्मज्ञान प्रचार संघ भवनको जस्तापाता फेर्ने | १० | १,००,०००।- | |
| ७ | ओम शान्तिको भवन निर्माण | १२ | २,५०,०००।- | |
| ८ | दुर्गा मन्दिर मर्मतसंभार गर्ने, तरकारी चोक | १ | १,००,०००।- | |
| ९ | कृष्ण मन्दिर मर्मतसंभार गर्ने, सहिद चोक | १ | ५०,०००।- | |
| १० | शिव मन्दिर, निर्माण सिसानी | १२ | १,००,०००।- | |
| ११ | कपिलेश्वर मन्दिर निर्माण | १२ | ५०,०००।- | |
| १२ | बालन भजन -खैजडी नाच) संरक्षण कार्य | १ | ४०,०००।- | |

(४) मधेशी मुस्लीम पिछडावर्ग तथा धर्म संरक्षण तथा प्रवर्द्धन

| | | | | |
|---|---|---|---|---|
| १२ | छोंछोलिङ्ग गुम्बा, पिद्रहनी | ११ | १,००,०००।- | |
| १३ | नेपाली जामे मस्जीद | ६ | १,००,०००।- | |
| १४ | चर्च निर्माण तथा ममर्त संभार | ३ | १,००,०००।- | |